केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/२०/०७१/७२ मिति: २०७१/१२/१८

"क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको पत्र संख्या बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१७/०७१/७२ मिति २०७१/११/२९ को निर्देशनको बुँदा नं. (१) लाई देहाय बमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ :

**१. कर्जा सापटको वर्गिकरण**

इजाजतपत्रप्राप्त संस्थाले प्रवाह गरेको कर्जा/सापटको साँवा वा ब्याज भुक्तानी हुनु पर्ने भाखा नाघेको अवधिका आधारमा सम्पूर्ण कर्जा सापटलाई देहाय बमोजिम वर्गिकरण गर्नु पर्नेछ :

(क)असल (Pass) : भाखा ननाघेका र ३ महिनासम्म भाखा नाघेका कर्जा/सापट ।
(ख)सुक्ष्म निगरानी (Watch List) : असल वर्गमा परेका तर देहायको बुँदा नं. १.१ मा उल्लिखित अवस्था रहेका कर्जा/सापट ।
(ग) कमसल (Sub-standard) :३ महिनादेखि बढीमा ६ महिनासम्म भाखा नाघेका कर्जा/सापट ।
(घ)शंकास्पद (Doubtful) : ६ महिनादेखि बढीमा १ वर्षसम्म भाखा नाघेका कर्जा/सापट ।
(ङ)खराव (Loss) : १ वर्षभन्दा बढी अवधिले भाखा नाघेका कर्जा/सापट ।

असल र सुक्ष्म निगरानी मा रहेका कर्जालाई "सक्रिय कर्जा" (Performing Loan) र पुनरतालिकीकरण/पुनरसंरचना गरेका, कमसल, शंकास्पद तथा खराब कर्जालाई "निष्क्रिय कर्जा" (Non-performing Loan) भनी परिभाषा गरिएको छ ।

**१.१ सुक्ष्म निगरानी (Watch List) अन्तर्गत वर्गीकरण गर्नुपर्ने अवस्थाहरु :**

बैंक तथा वित्तीय संस्थाले यस निर्देशन बमोजिम सक्रिय कर्जाको रुपमा रहेका कर्जा/सापटमा देहायका कुनै कैफियत वा अवस्था रहेमा त्यस्ता कर्जा/सापटलाई सुक्ष्म निगरानी अन्तर्गत वर्गीकरण गरी सुक्ष्म निगरानी वा अनुगमनको व्यवस्था मिलाउनु पर्ने छ ।

(क) साँवा वा ब्याज तोकिएको अवधिभित्र भुक्तान नभई १ महिना भन्दा बढि अवधिले बक्यौता रहेका कर्जा ।

(ख) नवीकरण नभई अस्थायी रुपमा भुक्तानी अवधि बढाई कायम रहेका अल्पकालीन वा चालुपूँजी कर्जा ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३



(ग) अन्य बैंक वा वित्तीय संस्थामा रहेको कर्जा निष्क्रिय कर्जामा वर्गीकरण भएको ऋणीलाई प्रवाहित कर्जा ।

(घ) साँवा र व्याज नियमित रुपमा भुक्तानी भएतापनि लगातार दुई वर्ष देखि संचालन नगदप्रवाह वा नेटवर्थ ऋणात्मक रहेका फर्म, कम्पनी वा संस्थालाई प्रवाहित अल्पकालीन वा चालुपूँजी कर्जा ।

**९. कर्जा नोक्सानी वापत कायम गर्नु पर्ने व्यवस्था**

(१) यस निर्देशन बमोजिम वर्गिकरण गरिएका कर्जा तथा बिल्स खरिदहरुको लागि बक्यौता साँवा रकमको आधारमा देहाय बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ :-

| **कर्जा वर्गीकरण** | | **न्युनतम कर्जा नोक्सानी व्यवस्था** |
|---|---|---|
| (क) | असल | १ प्रतिशत |
| (ख) | सुक्ष्म निगरानी (Watch List) | ५ प्रतिशत |
| (ग) | कमसल | २५ प्रतिशत |
| (घ) | शंकास्पद | ५० प्रतिशत |
| (ङ) | खराव | १०० प्रतिशत |

साथै, कर्जा नोक्सानी वापत कायम गर्नुपर्ने व्यवस्था सम्बन्धमा सुक्ष्म निगरानीको लागि निम्नानुसारको समयावधीमा तपशिलमा तोकिए बमोजिमको नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।

| **क्र.सं.** | **समयावधि** | **कायम गर्नुपर्ने नोक्सानी व्यवस्था** |
|---|---|---|
| १ | २०७१ चैत्र मसान्त | १.५ प्रतिशत |
| २ | २०७२ असार मसान्त | २ प्रतिशत |
| ३ | २०७२ असोज मसान्त | २.५ प्रतिशत |
| ४ | २०७२ पुस मसान्त | ३ प्रतिशत |
| ५ | २०७२ चैत्र मसान्त | ३.५ प्रतिशत |
| ६ | २०७३ असार मसान्त | ४ प्रतिशत |
| ७ | २०७३ असोज मसान्त | ४.५ प्रतिशत |
| ८ | २०७३ पुस मसान्त | ५ प्रतिशत |

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

सुक्ष्म निगरानी अन्तर्गत वर्गीकरण गर्नुपर्ने आधार/कैफियतहरु सुधार भएको अवस्थामा कर्जामा कायम नोक्सानी व्यवस्थालाई समायोजन गरी असल वर्गमा वर्गीकरण गर्न सकिने छ ।

भवदीय,

(मनमोहन कुमार श्रेष्ठ)
कार्यकारी निर्देशक

बोधार्थ :

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(११) श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौ ।
(१२) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ ।
(१३) श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौ ।